# चिशंखुगढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
सेर्ना, ओखलढुंगा

पत्र संख्याः २०७९/०८० | कोशी प्रदेश, नेपाल

## लोकसेवा आयोग तयारी कक्षा सञ्चालन सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०७९/१२/०२)**

प्रस्तुत विषयको सम्बन्धमा यस गाउँपालिकाको आ.व. २०७९/०८० को गाउँसभाबाट स्वीकृत योजना तथा बजेटको परिधिभित्र रही आम जनसमूहमा सरकारी सेवा प्रतिको आकर्षणलाई मध्यनजर गर्दै १ महिने आवासीय लोकसेवा आयोग तयारी कक्षा (नायब सुब्बा/खरिदार वा सो सरह) सञ्चालन गर्ने कार्यक्रम रहेको हुँदा चिशंखुगढी गाउँपालिका भित्रका योग्यता पुगेका ईच्छुक व्यक्तिहरुको लागि निवेदन आव्हान गरिएको छ। महिला, दलित, आदिवासी जनजाति,अल्पसंख्यक, सीमान्तकृत, अपांगता भएका व्यक्ति, लैगिंक तथा यौनिक अल्पसंख्यक, किसान, श्रमिक, उत्पीडित वा आर्थिक रुपले विपन्न खसआर्य लगायत शहिद, वेपत्ता र द्वन्द्व पीडितलाई विशेष प्राथमिकता दिइनेछ। निवेदकहरुले तपसिल बमोजिमका कागजातहरु सहित १० (दश) दिन भित्र गाउँ कार्यपालिकाको कार्यालयमा निवेदन पेश गर्नुहुन अनुरोध छ।

**तपसिलः**

१. इच्छुक व्यक्तिको निवेदन।
२. नागरिकता प्रमाणपत्रको प्रतिलिपि।
३. प्रमाणपत्र तह (+2) उत्तीर्ण गरेको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि।

२०७९/१२/०२

लोकमणि खनाल
प्रमुख प्रशासकीय अधिकृत

*पुनश्चः प्रवेश परीक्षा तथा लोकसेवा तयारी कक्षा सञ्चालन मिति र समय सम्बन्धी सूचना पछी प्रकाशन गरिनेछ। प्रवेश परीक्षामा उत्तीर्ण हुने निवेदकलाई मात्र लोकसेवा तयारी कक्षामा सहभागी गराइनेछ। निवेदन तथा आवश्यक कागजात chishankhugadhi@gmail.com इमेल मार्फत पठाउन सकिने छ। थप जानकारीका लागी ९८५२८५५५६४ मा सम्पर्क गर्न सकिनेछ।*